महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(डोर मुकाम स्याङ्जा)

अ.छा.वे.

पत्र संख्या : २०७५।०७६

च.नं. : ६३

मिति: २०७५।९।१४

विषय : **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री आँधिखोला गाँउपालीका,
गाँउकार्यपालीकाको कार्यालय,
स्याङ्जा ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७४।७५ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७५।९।११ मा छलफल पश्चात् तयार गरिएको पाना अठ्ठाइस (२८) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(रमेश ढकाल)
निर्देशक

बोधार्थ तथा कार्यार्थ:

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं :- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
स्याङ्जा :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
स्याङ्जा :- प्रतिवेदन संलग्न छ ।

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालय र स्थान:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा ।

आर्थिक वर्ष : २०७४।०७५

पदाधिकारी		अवधि		वेरुजू रकम
		देखि	सम्म	
प्रमुख प्रशासकिय अधिकृत	सुकदेव लम्साल	२०७४/०४/०१	२०७४/११/२९	५०१६४६७.७४
	नवराज शर्मा दोरङ्ग	२०७४/१२/०७	२०७५/०३/३०	
लेखा प्रमुख	निरमाया पुरी गिरी	२०७४/०४/०१	२०७४/१२/१८	
	सागर सुवेदी	२०७४/१२/१९	२०७५/०३/३०	

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले पालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालीका अर्न्तगत ६ वडा रहेको ३४ सभा सदस्य ६९.६१ व.की.मी.क्षेत्रफल, १६५८९ जनसंख्या, गण्डकी प्रदेशमा अवस्थित छ ।

लेखापरीक्षणको क्रममा असुली: लेखापरीक्षणको क्रममा रु.१२२०।०० असुल भई दाखिला भएको छ ।

१ स्थानीय संचितकोष: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम आँधीखोला गाउपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

संचित कोषको विवरण
आर्थिक वर्ष २०७४।७५

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१	**चालु खर्च**	१९७५९३७४७
	क) नगद		२	**पूँजीगत खर्च**	७९६६४८३३
	ख) बैंक	६५६६७४९	३	**वित्तीय व्यवस्था भुक्तानी**	
२	**राजस्व (आन्तरिक आय)**			क) ऋण भुक्तानी	
	क) आन्तरिक राजस्व	२५५६२५८		ख) व्याज भुक्तानी	

	ख) राजस्व बाँडफाँड			ग) अन्य भुक्तानी	
	ग) अन्य आय		४	**लगानी**	
३	**वित्तीय हस्तान्तरण**			ऋण लगानी	
	क)वित्तीय समानीकरण अनुदान	११६४०७०००		शेयर लगानी	
	ख) सशर्त अनुदान	१३५९८००००		अन्य लगानी	
	ग) समपूरक अनुदान		५	**धरौटी फिर्ता**	२८८०००
	घ) विशेष अनुदान		६	**कोष खर्च (निकासा फिर्ता)**	९०४०२३६
	ङ) अर्थ वजेट			ङ) अर्थ वजेट	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		७	**मौज्दात**	
	क)वित्तीय समानीकरण अनुदान			क) नगद मौज्दात	
	ख) सशर्त अनुदान			ख) बैंक मौज्दात	२९५२५१९१
	ग) समपूरक अनुदान			समानिकरण अनुदान वैंक (संचित कोष)	२५२३९०१८
	घ) विशेष अनुदान			कर्मचारी कल्याण कोष	
५	**अन्तर स्थानीय तहबाट प्राप्त**			मर्मत संभार कोष	
६	**वित्तीय व्यवस्था प्राप्ति**			धरौटी मौज्दात	१५६५००
	क) ऋण प्राप्ति			सशर्त अनुदान फिर्ता वाँकी मौज्दात	२३९६४७७
	ख) साँवा प्राप्ति			सामाजिक सुरक्षा फिर्ता वाँकी मौज्दात	५०००००
	ग) ब्याज प्राप्ति			पर्यटन संस्कृति पूर्वाधार	१००००००
	घ) अन्य प्राप्ति			सामाजिक सुरक्षा फिर्ता मौज्दात	१३१६००
६	**विभिन्न कोषतर्फको आय**			धरौटीमा ट्रान्सफर गर्ने मौज्दात	१०१५९६
८	**जनसहभागिता (नगद)**	७०१०००			
९	**विषयगत निकायबाट प्राप्त रकम**	५३४५६५००			
१०	**धरौटी आय**	४४४५००			
११	**लगानीको साँवा फिर्ता**				
१२	**अन्य विविध आय (मर्मत र क.कोष)**				
	जम्मा	३१६११२००७		**जम्मा**	३१६११२००७

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
२.	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत भए कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको प्रक्षेपण २०७४ असार २६ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराएको देखिन्छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ ।		
३.	**वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाँउसभाले चालु आर्थिक वर्षको आय व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय व्ययको अनुमानीत विवरण २०७४ आषाढ १० भित्र सम्पन्न नगरी २०७४ आषाढ २६ गते मात्र प्रक्षेपण स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था तर्फ ध्यानाकर्षण गरिएको छ । यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिम आ.व. २०७४/७५ को आय तथा व्ययको अनुमान पेश गरेको छ :		
३.१	यस वर्ष नगरसभाले देहाय वमोजिमको वजेट प्रस्तावित गरेको अवस्था छ :		
३.२	आर्थिक वर्ष २०७४।७५ को लागी सभाले देहाय वमोजिम खर्च हुने अनुमान पेश गरेको देखिन्छ ।		

३.१ तालिका:

सि.नं.	शिर्षक	रकम
१	संघीय सरकार वित्तिय समानीकरण अनुदान	११६४०७०००.००
२	संघीय सरकारवाट प्राप्त हुने सशर्त अनुदान	११२४५५०००.००
३	नगरपालकिाको आन्तरिक आम्दानी	१५३५०००.००
४	सहभागिता अर्न्तगत प्राप्त आम्दानी	१३०००००.००
	कुल आय	**२३१६९७०००.००**

३.२ तालिका:

सि.नं.	शिर्षक	रकम
१	प्रशासनिक खर्च	४११७८४९२.००
२	संस्थागत क्षमता विकास	१३५०००००.००

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	३ – गा.पा तथा वडा स्तरिय योजना – ६४५६३५०८.००		
	४ – सशर्त अनुदान खर्च – ११२४५५०००.००		
	जम्मा – २३१६९७०००.००		
३.३	**अनुमान आय :** पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १५ लाख ३५ हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७४।७५ मा रु.२५५६२५८/- अर्थात अनुमानको तुलनामा ६६.५३ प्रतिशत वढी आय प्राप्त गरेको छ । आयको अनुमान र वास्तविक प्राप्ती वीच धेरै फरक परेको कारण पहिचान गरी तथा वास्तविक श्रोतको यथार्थता निराकरण गरी आय आर्जन गर्ने तर्फ विशेषरुपले ध्यान दिन आवश्यक देखिएको छ ।		
३.४	वडा स्तरिय योजना तथा गाँउ स्तरिय योजनामा रु. ६४५६३५०८.०० को चालु तथा पुँजिगत योजनाको वाँडफाँड देहाय अनुसार गरेको छ ।		

कार्यक्रम	वडा नं. १	वडा नं. २	वडा नं. ३	वडा नं.४	वडा नं. ५	वडा नं. ६
योजना	४५ योजना	३६ योजना	३१ योजना	३५ योजना	३२ योजना	२७ योजना
वजेट	३४ लाख २५ हजार	३६ लाख ७५ हजार	२६ लाख ४५ हजार	२२ लाख ७५ हजार	३१ लाख ५ हजार	२९ लाख २५ हजार
गाउपालीका स्तरिय योजना संख्या : ७६ योजना रु.५,३७,२५,०००।००						

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
३.५	योजना वाँडफाँड गर्दा ठुला योजनालाई प्राथमिकीकरण गरेको देखिएन । वडास्तरिय कूल योजना २०६ र गाउस्तरिय योजना ७६ रहेका छन । ६ वडामा २०६ योजना वनाई रकमको वर्गिकरण तथा वितरण र सोको कार्य सम्पादन गर्न कठिनाई हुन जाने देखिँदा ठुला पूर्वाधार जन्य योजना छनौट गरिनु आवश्यक देखिन्छ ।		
४.	**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । सभावाट सार्वजनिक लेखा समिति गठन गरी आय व्ययको हिसाव परीक्षण गरेको छैन । आन्तरिक लेखापरीक्षण गरी कारोवारको समग्र स्थिति प्रतिवेदन पेश गर्नुपर्नेमा आन्तरिक लेखापरीक्षण भएको पाईएन । अतः लेखा समिति गठन गरी हिसावको परीक्षण तथा कारोवारको आन्तरिक लेखापरीक्षण गरी कारोवारको विश्वसनियता सुनिश्चित गर्ने तर्फ ध्यान दिन आवश्यक छ ।		
५.	**श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको		

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेको देखिन्छ । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन कार्यक्रमलाई छनौटमा राखिनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ । कूल २८२ योजना छनौट गर्दा प्राथमिकीकरण गरेको देखिएन । शुरुमा चालु खर्च तर्फ रु.४११७८४९२।०० विनियोजन भएकोमा दोश्रो गाँउसभाले रु.१५ लाख ७० हजार २०७४ फाल्गुण मा रकमान्तर गरेको छ । साथै गापा स्तरिय शुरुका ६ योजना संचालन हुन नसक्ने जनाई सोको विनियोजित रु.२८ लाख समेत रु.४३७००००।०० लाई विभिन्न वडामा गाउपालीका वाटै संचालन हुने गरी १९ योजना थप गरेको छ ।		
६.	**वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । २ ठाउँमा रकम विनियोजन गरेको छ । दोहोरो पर्ने गरी योजना छनौटलाई राकिनूपर्दछ । विषयगत क्षेत्र सँग सम्वन्धित तथा वडा र गापाको सार्वजनिक निर्माण सँग योजना दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठाउँवाट संचालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण गरिएको छ । विनियोजन गरेको आय व्यय अनुमानको स्थितिमा निम्नानुसार देखिएको छ :		

क) वित्तिय समानिकारण तर्फ

सि.नं.	शिर्षक	वजेट	रकमान्तर	जम्मा	निकाशा	खर्च	वाँकी
१	समानीकरण चालु	४११७८४९२	०.००	४११७८४९२	३९६०८४९२	२२४३५६५६	१७१७२८३६
२	समानीकरण पूँजी	८५०५२४८२	०.००	८५०५२४८२	८६६२२४८२	७८५५६३३३	८०६६१४९
	जम्मा	१२६२३०९७४		१२६२३०९७४	१२६२३०९७४	१००९९१९८९	२५२३८९८५

ख) सशर्त / विषयगत / निकाशा खर्चको स्थिति

सि.नं.	विषय	वजेट	निकासा	खर्च	वाँकी	कोष फिर्ता
१	शिक्षा, स्वास्थ्य, कृषि, पशु (सशर्त)	१३५९८००००	१३५९८००००	१२७३६५६८७	८६१४३१३	६२१७८३६
	जम्मा					

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण

ग) विषयगत लाईन आइटम

सि.नं.	विषय	वजेट	निकासा	खर्च	वाँकी	कोष फिर्ता
	स्थानीय स्वायत्त चालु	४६००००	४६००००	४६००००	०	
	स्थानिय स्वायत्त पूँजिगत	६०००००	६०००००	६०००००	०	
	संस्कृति प्रवर्द्धन	१००००००	१००००००	०	१००००००	
	सडकवोर्ड नेपाल	१९९५००	१९९५००	१९९५००	०	
	पश्चिम ने.ग्रा.खा.पा.	३०९०००	३०९०००	३०९०००	०	
	सामाजिक सुरक्षा	५४४९००००	५०८८८०००	४७५६५६००	३३२२४००	२८२२४००
	कुल जम्मा	**५७०५८५००**	**५३४५६५००**	**४९१३४१००**	**४३२२४००**	**२८२२४००**

घ) अन्य तर्फ

सि.नं.	विवरण	जिम्मेवारी	आम्दानी	जम्मा	फिर्ता । खर्च	वाँकी
	धरौटी	०	४४४५०००	४४४५००	२८८०००	१५६५००
	आन्तरिक आय	६५६६७४९	२५५६२५८	९१२३००७	संचित कोष दाखिला	०
	जम्मा	**६५६६७४९**	**७००१२५८**	**९५६७५०७**	**२८८०००**	**१५६५००**

- गाँउसभाले छुट्टायाएको उल्लेख भए वमोजिम क्षेत्रगत पूँजिगत योजना तर्फ रु.८ करोड ५० लाखको योजनामा ६४ लाख खर्च नभई वजेट कार्यान्वयनमा नआएको देखिन्छ । समानीकरण वजेट अनुमान यथार्थपरक र प्राथमिकता एवं सन्तुलनमा आधारित हुनुपर्ने देखिन्छ ।

७. **वित्तीय जवाफदेहिता एवम उत्तरदायित्व र कानूनको पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार गर्नुपर्दछ एवं प्रचलित कानुन पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने र सोहि नियमावलीको नियम ५ बमोजिम कामको प्रकृति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी प्रचलित कानुनमा व्यवस्था भएका प्रावधानहरुको पालना हुनुपर्दछ । यस वर्ष वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो :

- वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८)
- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०(३) बमोजिम जिन्सी मालसमानको लिलाम/मर्मत नभएको
- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५(२) बमोजिम उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको , • निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको , • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यलयले निरीक्षण नगरेको, • गुनासो पेटिकाको प्रयोग गरी गुनासो वा उजुरीको अभिलेख राखी सो को व्यवस्थापन नगरेको । • राजस्वको लागत तयार नगरेको, • वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण नगरेको, • प्रतिस्पर्धात्मक खरिद अवलम्वन नगरेको, • योजना छनौट भए तापनि सम्झौता भई कार्यान्वयनमा नल्याएको, • वितरणमूखी कार्यक्रमलाई वढवा दिएको, • पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको , • स साना योजनालाई प्राथमिकता अपनाएको, • कोषहरुको कार्यविधि कानून नवनाएको, • उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको, • धरौटीको आयूगत वर्गिकरण नगरेको, • कर तथा शुल्कको ठोस आधार निर्माण नगरेको, • संस्थागत क्षमता विकासमा पूर्ण रुपले प्रगति नगरेको, • उपभोक्ताको खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको, • न्यायीक समितिवाट मुद्दाको किनारा लगाउन वाँकी देखिएको , • चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरेको, • कार्यनीतिगत व्यवस्थामा अपेक्षित प्रगति लिन नसकेको, • राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको • राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको • तलवी प्रतिवेदन पारीतमा पूर्णता कायम नगरेको • प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको, • विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको		

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	• अवकास कोष सम्वन्धि कानूनी व्यवस्था पालना नगरेको, • आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका वनाई कार्यान्वयनमा नल्याएको, • एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकत्रित लगत र निरीक्षण नगरेको, • लक्षित समूह खर्चलाई नियन्त्रयामा ल्याउन नसकेको । नियमको अनुसरण गरी कार्य नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्दछ । वित्तिय जवाफदेहिता सम्वन्धि सूचकांक यसै साथ संलग्न छ ।		
८.	**आन्तरिक ऋण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम पालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाँउपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।		
९.	**धरौटी :** धरौटी आय रु.४४४५००।०० मा यो वर्ष रु.२८८०००।०० फिर्ता गरी रु.१५६५००।०० मौज्दात बाँकी देखाएको छ । धरौटीको आर्थिक वर्ष वाइज आयू वर्गिकरण नगरेको, पुरानो धरौटी आवश्यक कार्यविधि पुरा नगरी मौज्दातमा साथै ल्याएको, धरौटी राख्नेको पुरा विवरण नखुलाएको देखिन्छ । धरौटीको यथार्थ विवरण तयार गरी दिनुपर्ने दायित्व हिसावको अद्यावधिक गरिनु पर्दछ ।		
९.१	**धरौटी:** विभिन्न व्यक्ति तथा संस्थाको नाममा यो वर्ष धरौटी वापत रु.४४४,५००।०० मा रु.२८८०००।०० फिर्ता समायोजन पश्चात रु.१५६५००।०० बाँकी देखिन्छ । सोही अनुरुप आर्थिक वर्ष २०७४।०७५ मा विभिन्न व्यक्तिको कट्टी गरेको रु.१०१५९६।०० स्थानीय संचित कोषमा रहेबाट उक्त रकम संचित कोष बाट फिर्ता लिई धरौटी खातामा ट्रान्सफर गरी हिसाव मिलान गर्नुपर्ने रु............	१०१५९६.००	
१०.	**स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । गापाको GIS Mapping, Road inventory प्रोफाईलिङ्गको सम्पूर्ण कार्य पुरा भएको देखिएन । सवै क्षेत्रको तथ्यांक संकलन गरी अभिलेखीकरण गरिन आवश्यक छ ।		
११.	**लक्ष्य प्रगतीको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका वडा स्तरिय तथा नगर स्तरिय आयोजना मध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । गाँउपालिकाको वित्तिय प्रगती निम्नानुसार देखिन्छ : (रु.०००मा)		

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । **आर्थिक वर्ष:–२०७४।७५**

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण

सि.नं.	कार्यक्रम	वजेट	खर्च	खर्च प्रतिशत
१	समानीकरण अनुदान (राजस्व र प्रदेश समेत)	१२६२३०९७४.००	१००९९१९८९.००	८०.००
२	सशर्त अनुदन	१३५९८००००.००	१२७३६५६८७.००	९३.६६
३	लाईन आईटम वजेट	५७०५८५००.००	४९१३४१००.००	८६.०६

वजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य, समय विच तादाम्यता मिलाई वित्तिय प्रगती अपेक्षापूर्ण वनाउन आवश्यक छ । वित्तिय समानिकरण अनुदानमा व्यवस्था भएको वजेट अनुरुप कार्यक्रम संचालन गर्न योजनाहरु तय गरेतापनि योजना पूर्ण रुपले सम्पन्न नगर्ने , योजना छनौट अनुरुप सम्झौता नगर्ने स्थितिले वजेट व्यवस्था पूर्णरुपमा खर्च नभएको स्थिति छ । पूर्वाधारजन्य सम्पत्तिमा खर्च गरी वित्तिय प्रगति अपेक्षापूर्ण वनाउन ध्यानाकर्षण गरिएको छ ।

१२. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालीकाले यस वर्ष समानीकरण तर्फ कूल पूँजिगत खर्च रु.७ करोड ८५ लाख ५६ हजार गरेकोमा प्रथम चौमासिकमा रु.४२ लाख १६ हजार अर्थात ५.३६ प्रतिशत , दोश्रो चौमासिकमा रु.२ करोड २० लाख २८ हजार अर्थात २८.०४ प्रतिशत र तेश्रो चौमासिकमा रु.५ करोड २३ लाख १२ हजार अर्थात ६६.६० प्रतिशत खर्च गरेको छ । यसरी आषाढमा रु.१ करोड ५१ लाख २८ हजार अर्थात कूल खर्चमा १९.२५ प्रतिशत खर्च देखिएको छ । वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । तेश्रो चौमासिकमा भएको अधिकाशं खर्च आषाढमा भएको छ । कार्यको गुणस्तरियता सुनिश्चित गर्न अषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ ।

१३. **संस्थागत क्षमता विकास :** आर्थिक वर्ष २०७४।७५ मा गाँउपालीकाले देहायको कार्यक्रम स्वीकृत गरी संस्थागत क्षमता विकास तर्फ निम्नानुसारको वजेट अनुमान तथा व्यवस्थापन गरेकोमा देहाय वमोजिम खर्च गरेको छ ।

सि.नं.	कार्यक्रम	वजेट	खर्च	प्रगति प्रतिशत
१	आवधिक योजना निर्माण	५८४३३५०८.००	५५५८३२०४.००	९५.१२
२	अध्ययन अनुसन्धान कार्यक्रम	१००००००.००	३७२०००.००	३७.२०
३	सवारी साधन खरिद	५५०००००.००	५२०६५००.००	९६.४७
४	फर्निचर खरिद	१००००००.००	९६२७६०.००	९६.३०
५	मेशीनरी औजार	५७८७६५७.००	४२९१४३०.००	७४.१४
६	जग्गा खरिद	१३२०००००.००	१२१४०४३९.००	९१.९६
	जम्मा	८४९२११६५	७८५५६३३३	

यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन ।

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा ।		आर्थिक वर्ष:–२०७४।७५	
सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
१३.१	**जग्गा खरिद:** यो वर्ष पालीकाले जग्गा खरिदमा रु.१२१४०४३९।०० खर्च लेखेको छ । गाँउपालीका भवन निर्माण तथा अन्य भवन निर्माण तथा अन्य पुर्वाधार संरचनाको लागि २०७४।९।२६ को जग्गा अधिग्रहण गर्ने सम्बन्धि सुचना बमोजिम साविक सेती दोभान हाल आँधीखोला गाँउपालीका वडा नं ५ साविक कृषि सेवा केन्द्र सँग जोडिएको जग्गा खरिदको लागि जग्गा प्राप्ती ऐन, २०३४ को दफा ३७ बमोजिम विभिन्न ११ कित्ता प्रति रोपनी रु.८ लाखले ८२३१.२६ वर्ग मिटर जग्गा खरिद वापत रु.१२९४३७५०।०० र जग्गा सम्बन्धि सुचना एवं खरिद व्यवस्थापन वापत रु.३२४८१४।०० समेत रु.१३२६८५६४।०० जम्मा दायित्व अन्र्तगत यो वर्ष जग्गा धनिलाई रु.११८१५६२५।०० भुक्तानी गरेको र जग्गा धनि श्री अमर बहादुर सुनारलाई रु.११२८१२५। भुक्तानी गर्न बाँकी देखिन्छ । जग्गाको स्वामित्व पालीकाको नाममा प्राप्त भईसकेकोमा जग्गा धनिलाई रकम भुक्तानी गर्ने र खरिद जग्गामा भवन निर्माण तथा भौतिक पूर्वाधारको डिजाइन गरी पुर्वाधार निर्माण निर्माण लाई कार्यान्वियनमा ल्याउन आवश्यक छ ।		
१३.२	**सवारी खरिद:** यो वर्ष सवारीका साधन खरिद वापत रु.५५ लाख वजेट व्यवस्था गरेकोमा १ स्कार्पियो पिक अप रु.३९ लाख ७७ हजार मोटरसाइकल ४ वटा खरिद वापत रु.१२,२९५००।०० समेत ५२ लाख ६ हजार ५ सय खर्च गरेको छ । गाडी खरिदमा इविडिङ्ग तथा मोटरसाइकल खरिदमा सिल्ड कोटेशनको आधारमा गरेको देखिन्छ । खरिद सम्पतिको सुरक्षण गरिनुपर्दछ । लगवुक व्यवस्थित गरिनुपर्दछ । तेल खर्चको मापदण्ड पनि तोकिनुपर्दछ ।		
१३.३	**मेसिनरी औजार:** यो वर्ष कम्प्युटर, प्रिन्टर, सोलार, व्याकअप लगायतका मेसिनरी औजार खरिद वापत रु.४२९१४३०।०० खर्च लेखेको छ । उक्त खर्च मध्ये र.९६२७६०।०० प्रतिस्पर्धात्मक रुपमा खरिद विधि अवलम्बन गरेको र सोलार ६ वडाको लागि खरिद तथा जडानमा रु.२३१५९३९।०० एवम् विद्युतिय सामान वापत रु.१०१२७३१।०० पटक पटक खरिद गरी भुक्तानी भएको सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम कार्यालयलाई आवश्यक पर्ने सामानको आवस्यकता पहिचान, खरिद इकाई, खरिद विधि, स्पेशिफिकेशन लगायतको विषयवस्तुलाई मध्यनजर गरी प्रतिस्पर्धात्मक तवरले खरिद गरी गुणस्तरिय तथा कम मुल्यमा प्राप्त गर्नुपर्नेमा पटक पटक सोझै खरिद विधि अवलम्बन गरेको देखिन्छ । सोझै खरिद गर्ने र प्रतिस्पर्धात्मक खरिद अवलम्बन नगर्ने परिस्थितिलाई नियन्त्रण गर्न आवश्यक छ ।		
१३.४	**फर्निचर खरिद:** यो वर्ष फर्निचर खरिद वापत रु.१० लाखको वजेट विनियोजन गरेकोमा रु.९६२७६०।०० खर्च गरेको छ । खरिद भएका फर्निचर लगायत स्थिर सम्पतिको coding गरि मूल्य समेत खुलाई सम्पति एवम् फर्निचरका सामानको अभिलेखीकरण गर्न आवश्यक छ । भौतिक सम्पतिको coding गरी अभिलेखीकरण गरिनुपर्दछ ।		
१३.५	गाँउपालीकाको सुचना, तथ्यांक एवम् जानकारीको लागि मोवाईल एपमा smart पालीकाको सम्पूर्ण सुचना update को लागि सेल एप सँग रु.३७२०००।०० मा खरिद सम्झौता भए अनुरुप सवै रकम भुक्तानी भएको छ । एपमा रहनुपर्ने सवै सुचना update गरी सम्पूर्ण कार्य सम्पन्न भएको देखिएन । भुक्तानी भई खरिद भएको एपको उपयोग र कार्यान्वियन गर्न आवस्यक छ ।		

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
१४.	**कर्मचारी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहने कर्मचारी दरवन्दी ७२ रहेपनि पदपूर्ति ३८ रहेको देखियो भने ३४ पद रिक्त रहेका छन । ति मध्ये २२ पद करारमा कार्यरत छन । दरवन्दी वमोजिम रिक्त पदहरु पूर्ति गर्ने तर्फ कारवाही अगाडी वढाउन आवश्यक छ ।		
१५.	**न्यायीक समिति** : आर्थिक वर्ष २०७४।७५ मा न्यायीक समितिमा कूल १४ उजूरी निवेदन । मुद्दा । केश । दर्ता भएको मा ६ निवेदनको कारवाही टुङ्गो लगाएको र २ निवेदन प्रोसेसमा रहेको उल्लेख छ । ६ संख्याका निवेदन कारवाही गरी माथिल्लो निकायमा पठाएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम पर्न आएका निवेदनको निर्धारित समयमा कारवाही प्रक्रिया पुरा गरी न्यायीक समितिले अपनाउने निर्णय तथा कारवाही टुङ्गो लगाउनु पर्ने देखिन्छ । न्यायीक समितिमा विशेषतः माना चामल, अंश, जग्गा खिचलो, सम्वन्ध विच्छेद, कुटपिट, साध सिमान, सिमा विवाद, अनाधिकृत नक्सा, खानलाउन पाँउ लगायतका निवेदन परेको देखिन्छ । प्रक्रियागतमा रहेका मुद्दा फछ्र्यौट तर्फ सक्रियता अपनाउन जरुरी देखिन्छ ।		
१६.	**एकीकृत विवरण** : स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । गरिवी निवारण कोष, कृषि, पशु महिला, शिक्षा, म.स्व.से., लगायतको गतविगतको विउँपुजि, साँवा, व्याजको हिसाव संकलन गरी हिसावमा खुलासा गरेको छैन । श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ ।		
१७.	**वित्तीय जवाफदेहिता पालना** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । पालिकाले नियम विपरीत हानी नोक्सानी हूनेगरी खर्च गरेको तथा नियमावलीको पालना नगरेको अवस्था देखिन आएन । वित्तिय जवाफदेहिताको सूचीगत विवरण यसैसाथ संलग्न छ । जवाफदेहिताको गणना नम्वरलाई सार्थक तुल्याउन जवाफदेहिता र उत्तरदायीपूर्ण स्थितिमा सुधार गर्नुपर्ने देखियो ।		
१८.	**बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ती विक्रि, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठनूपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । मालपोत, व्यवसाय, प्राकृतिक श्रोत साधनको लगत हिसाव तयार गरिनुपर्दछ ।		
१९.	**आन्तरिक आय** : स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा		

कार्यालयः– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा ।

आर्थिक वर्षः–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष ६ वटा वडा तथा गापा कार्यालय मार्फत मालपोत, सिफारीस दस्तुर, पञ्जीकरण, घरधुरी कर, नक्सा, व्यवसाय दर्ता, सवारीसाधन कर लगायतका शीर्षकमा रु. २५५६२५८/- राजश्व असूली गरेको विवरण पेश गरेको छ । वडाको राजस्व प्राप्तीको लक्ष्य निर्धारण गरेको देखिएन ।		
२०.	**राजश्वको अभिलेख** : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनीक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।		
२१.	**रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसीद पठाएको हो सो खुल्ने रसीद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसिद उपर्युत्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसिदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ ।		
२२.	**सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।		
२३.	**बरबुझारथ** : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोवार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका		

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । एकिकृत विवरण तयार गर्नुपर्दछ ।		
२४.	**स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र पालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको सम्पूर्ण विवरण खुल्ने प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।		
२५.	**उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य पूर्ण रुपले अवलम्वन गरेको देखिएन । लेवर र मेटेरियलको अंश नमिलाउने , समानुपातीक योजना नरहने , समयमा कार्य सम्पन्न नगर्ने , उपभोक्ताको योगदान कम रहने जस्ता व्यहोरा परिक्षणमा देखिएका छन । यसमा सुधार गरिनुपर्दछ ।		
२६.	**कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयलाई कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालीका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकास सुविधा कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ ।		
२७.	**अवकास कोष** : पालीकाले स्थानीय सेवाको कर्मचारीको निजको सेवा शर्त सम्वन्धि कानून वमोजिम अवकाश हुदाँ प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृति भरण , औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त अवकास कोषमा स्थानियि तहले आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलववाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरले हुन आउने रकम थप गरी जम्मा समेत गर्नुपर्ने व्यवस्था छ । सेवा वा पदवाट कर्मचारी अलग हुदाँ उक्त कोषवाट खर्च लेखी सुविधा उपलब्ध गराउने व्यवस्था स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा उल्लेख छ । ऐन प्रारम्भ भएको २०७४ आश्विन २९ अर्थात कार्तिक देखी १० प्रतिशतको योगदान व्यवस्था अपनाउनूपर्नेमा अपनाएको देखिएन । कानूनको व्यवस्था तत्काल पालना गरिनूपर्दछ ।		
२८.	**वडा खाता** – स्थानिय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम वडामा अधिकृत तथा लेखाको कर्मचारी भएमा मात्र खाता खोली कारोवार गर्ने तर वर्षान्तमा खाता हिसाव शुन्य गरी पालीकामा पठाउनुपर्ने व्यवस्था छ । गाउँपालीकाको वडा सम्वन्धि योजनाको कार्यमा वडामा खाता खोलि रकम पठाएको देखियो र । अधिकृत कर्मचारी		

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा ।

आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्यौटको विवरण
	नभएको अवस्थामा खाता खोली रकम निकाशा दिन नमिल्ने देखिदा वडाले खोलेको खाता यथाशिघ्र वन्द गरी मौज्दात रकम पालीकाको स्थानिय संचित कोषमा दाखिला गर्ने तर्फ विषेश ध्यानाकर्षण गरीएको छ । खाता अविलम्व वन्द गरिनुपर्दछ ।		
२९.	**सामाजिक सुरक्षा भत्ता :** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पं स. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकालाई यस वर्ष सामाजिक सुरक्षा तर्फ रु. ५४४९००००।०० वजेट व्यवस्था अनुरुप निकाशा भएकोमा रु.४७५६५६००।०० खर्च भएको देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ । केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरे अनुरुप गाँउपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गरेको मा यस सम्वन्धि देखिएको व्यहोरा निम्नानुसार छन् ।		
३०.	जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत आ.व.२०७४।७५ को रकम वितरण गर्न मुक्तिनाथ विकास बैंक जुग्ले र अर्जुनचौपारीमा सामाजिक सुरक्षा भत्ता विभिन्न व्यक्तिहरुको अलग अलग खाता खोलि दाखिला गरिदिने गरेको पाइयो । कुनै व्यक्ति मृत्यु भई वा अन्य कारणवाट उक्त रकम नझिकी व्यक्तिकै खातामा रहिरहने हुँदा त्यस्तो रकम बैंकमा कति वाँकी छ सो को व्यक्तिगत विवरण लिई वाँकी रकम संघिय संचित कोष खातामा दाखिला गर्नुपर्ने देखियो ।		
३१.	निम्न भौ.नं. र मितिवाट आँधिखोला गाउपालीकाका विभिन्न वडाहरुमा दलित वालावालिका पोषण भत्ता वितरण गर्न पेश्की गएकोमा भत्ता वितरण गरेर वाँकी रहेको रकम आर्थिक वर्षको अन्त्य पछि फिर्ता गर्दा संघिय संचित कोषमा दाखिला गर्नुपर्नेमा नगरी गाउपालीकाको खातामा दाखिला गरेको हुँदा उक्त रकम वेरुजू खातामा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने देखिएको रु.	१३१६००/-	

सि.नं.	वडा नं.	भौ.नं. र मिति	पेश्की रकम	फछ्यौट	वाँकी रकम
१	१	९-०७५/३/२०	११२२८००.००	१०४०४००.००	८२४००.००
२	४	१०-०७५/३/२५	३३९६००.००	२९०४००.००	४९२००.००
		जम्मा	१४६२४००.००	१३३०८००.००	१३१६००.००

सि.नं.	विवरण	रकम	फछ्यौटको विवरण
३२.	आ.व. २०७४।७५ मा आँधिखोला गाउपालीकाको जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रममा वितरण गर्न मुक्तिनाथ विकास वै.लि. जुग्ले र अर्जुनचौपारी शाखामा गएको निकाशा रकम मध्ये निम्न वडाहरुको रु.१३८००।०० आर्थिक वर्षको अन्त्य सम्म पनि खर्च नभई वैंकमा नै रहिरहेको हुँदा उक्त रकम फिर्ता लिई वेरुजू खातामा दाखिला गर्नुपर्ने रु.	१३८००.००	

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा ।

आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	वडा	रकम
१	१	१८००.००
२	३	८०००.००
३	४	४०००.००
		१३८००.००

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
३३.	सामाजिक सुरक्षा तर्फ गाउँपालीलाई आर्थिक वर्ष २०७४।७५ को लागि व्यवस्था भएको वजेट रु.५४४९००००।०० मध्ये निकासा प्राप्त रु.५०८८८०००।०० मध्ये निकासा प्राप्त रु.५०८८८०००।०० मा खुद खर्च रु.४७५६५६००।०० समायोजन पश्चात रु.३३२२४००।०० बाँकी देखिन्छ । उक्त बाँकी मौज्दात मध्ये २०७५ आषाढमा रु.२८२२४००।०० को.ले.नि.का फिर्ता गरी खुद निकासा कायम गरेकोमा खुद खर्चमा थप वचत देखिने रु.५०००००।०० स्थानीय संचित कोषमा मौज्दात देखिएको र उक्त रकम संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रकम फ्रिज हुने बजेट उपशिर्षक अनुसार संघिय संचित कोष हिसावमा फिर्ता नगरेको देखिँदा फिर्ता दाखिला गरेको भौचर प्रमाण पेश गर्नुपर्ने रु....................	५०००००.००	
३४.	**संघिय संचित कोष फिर्ता:** सशर्त अनुदानको प्राप्त निकाशा मध्ये खर्च नभई बाँकी रहेको रकम संघिय मामीला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्रानुसार संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालीकालाई शिक्षा, स्वास्थ्य, कृषि एवं पशु तर्फ सशर्त अनुदान निकासा रु.१३५९८००००।०० मा खुद खर्च रु.१२७३६५६८७।०० रहेकोमा उक्त खर्च समायोजन पश्चात बाँकी रहने रु.८६१४३१३।०० मा २०७५ आषाढमा रु.६२१७८३६।०० को.ले.नि.का फिर्ता भएकोमा रु.२३९६४७७।०० फिर्ता गर्न मौज्दात बाँकी देखिन्छ । उक्त रकम स्थानीय संचित कोषमा मौज्दात रहेबाट फिर्ता गर्न बाँकी उक्त मौज्दात संघिय संचित कोषमा दाखिला गरी सोको भौचर प्रमाण पेश गर्नुपर्ने रु..................	२३९६४७७.००	
३५.	**पर्यटन संस्कृति पूर्वाधार:** गाँउपालीका भित्रको पर्यटन विकास तथा पूर्वाधार निर्माणको लागि आर्थिक वर्षको अन्त्यमा रु.१० लाख बजेट निकासा प्राप्त गरेकोमा उक्त रकमको योजना छनौट, उपभोक्ता समिति गठनको ढिलाई, योजना सम्झौता लगायतका कार्य पुरा गर्न छोटो अवधिमा नसकिएको कारण जनाई यो वर्ष खर्च नलेखी आर्थिक वर्ष २०७५।७६ मा सोही निकासा रकम स्थानीय संचित कोषमा जिम्मेवारी सारेको छ । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रायलयको प.स.२०७४।०७५ च.नं १०६४ मिति २०७५।३।३१ को पत्रानुसार उक्त उपशिर्षकको बजेट फ्रिज हुने र फिर्ता गर्नुपर्ने व्यवस्था छ । बजेट निकासा आर्थिक वर्षको अन्त्यमा आउँदा कार्यमा कठिनाई भई स्थानीय संचित कोषमा मौज्दात राख्नुपर्ने उल्लेख गरेको छ । तसर्थ यो वर्ष खर्च नभई बाँकी देखिएको उक्त मौज्दात रकम आर्थिक वर्ष २०७५।७६ मा खर्च गर्ने सम्बन्धित निकायबाट स्वीकृत लिनुपर्ने अन्यथा उक्त रकम स्थानीय संचित कोष बाट संघिय संचित कोषमा फिर्ता दाखिला गर्नुपर्ने देखिन्छ ।		
३६.	**वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ ।		

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	नगरपालीकाले यो वर्ष वातावरण संरक्षण तथा विपद व्यवस्थापन तर्फ रु.४४ लाख ५० हजार वजेट तय गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । ढल निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगती पेश भएन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी ग्रामीण वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ ।		
३७.	**प्राकृतिक तथा व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । पालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा पालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाँउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।		
३८.	**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।		
३९.	**मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । अन्धाअन्धी , सिरुवारी, पंचासे, श्रवणकूमार लगायका जस्ता पर्यटकिय स्थलको लागि आवश्यक व्यवस्था हुनुपर्दछ ।		
४०.	**तलवी प्रतिबेदन :** स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले सम्पूर्ण कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।		
४१.	**उपभोक्ता समितिको योगदान** : गाँउपालीका अर्न्तगत उपभोक्ता समिति वा लाभग्राही समूदायवाट व्यहोर्ने अंश खुलाई सम्झौता गर्नुपर्ने र सम्झौता कार्यमा न्यूनतम १५ प्रतिशत भन्दा नघटाई जनश्रमदान जुटाई कार्य गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले सडकहरुमा १५ प्रतिशत र माटो खन्ने कार्यमा २० प्रतिशत जुटाएको छ । नगद		

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	सहभागीताको अंश भने कमजोर रहेको छ । न्यून सहभागिता अपनाएकामा सो घटी दर संघीय कानून प्रतिकुल समेत देखिन्छ । जनश्रमदान कम जुट्दाँ कार्यमा वृद्धि नहूने , काममा जनताको अपनत्व कायम नरहने, काम प्रति चासो घट्ने, नागरिकहरु पूर्वाधार निर्माणमा सरकारसँग मात्र मुख लाक्ने आदि स्थिति कायम रहने गई समग्रमा अपनत्वको ह्रास हुने देखिदाँ यस तर्फ तत्काल गंभिर वन्न आवस्यक छ । सो अनुरुप यो वर्ष भएको उ.स.को पूर्वाधार तर्फ निर्णय पश्चात औषत ७ करोडको ५ प्रतिशतले करिब रु.३५ लाख वरावर जनश्रमदान नजुटेको स्थिति छ । यस तर्फ गंभिर ध्यानाकर्षण हुन आवश्यक छ ।		
४२.	**चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन :** वर्षभरमा कार्य सम्पादन गरी कार्यान्वयनमा ल्याउने पूँजिगत प्रकृति जून आगामी दिनमा प्रतिफल दिन्छ त्यस्तो योजना छनौट गरी समग्र पालीकाको पूँजिगत संरचना सम्वन्धि स्थायीत्व प्रदान गर्न आमूलरुपले प्रतिफल दिने र पुँजिको निर्माण हुने एवं वस्तु तथा प्राप्त भएको सेवा र उपलब्धीको उपयोगिताको सिर्जना हुने गरी पूँजिगत योजना छनौट गर्नुपर्नेमा पूँजिगत वजेटमा चालु प्रकृतिका विशुद्धरुपले उपयोगिता नदिने योजना छनौट गरी कार्यान्वयनमा ल्याईनू उचित देखिएन । आर्थिक वर्ष २०७४।७५ मा स्वीकृत भएका योजना पूर्ण रुपले पूर्वाधार विकास सँग सम्वन्धित देखिएनन । सम्मान , यात्रा, जागरण, भ्रमण, महोत्सव, खेलकुद, म्यूजिक लगायतका प्रतिफल विहिन योजना छनौट गरी पूँजिगत वजेट वाट यस्ता कार्यक्रम संचालन गरिनू उपयूक्त हुदैन । यस्ता कार्यक्रमवाट वस्तुमा उपयोगिताको सिर्जना नगर्ने हुदाँ पूँजि निर्माण हुने संभावना न्यून रहने गर्दछ । पूँजिगत वजेटमा चालु प्रकृतिको खर्च गरिनूले मूल्यको सार्थकता नरहने र अनुदानको समावेशी विकास पनि हुन नसक्ने स्थितिले समग्र पूर्वाधार विकासमा असर परेको छ । चालु प्रकृतिका वितरण कारी खर्चलाई प्रश्रय नदिन र अगामी दिनमा यस्ता कार्यक्रम नियन्त्रण गर्न पालीका गंभिर वन्न आवश्यक छ । यस सम्वन्धि वडागत उदाहरण देहाय वमोजिम प्रस्तुत गरिएको छ ।		

सि.नं.	कार्यक्रम	वडा नं.	रकम
१	म.स्व.से. प्रोत्साहन	१	५००००.००
२	मौलिक संस्कृति प्रवर्द्धन	१	५००००.००
३	जेष्ठ नागरिक सम्मान कार्यक्रम	१	१०००००.००
४	म.स्व.से. क्षमता विकास	२	५००००.००
५	नौमति वाजा संरक्षण	२	५००००.००
६	तिजगित प्रतियोगिता	३	५००००.००
७	जेष्ठ नागरिक सम्मान	३	५००००.००
८	वालवालिका क्षमता विकास	३	५००००.००
९	म.स्व.से.प्रोत्साहन	४	५००००.००
१०	नौमति वाजा व्यवस्थापन	४	५००००.००
११	जेष्ठ नागरिक सम्मान	४	५००००.००
१२	म.स्व.से. प्रोत्साहन	५	५००००.००

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण

१३	नौमति वाजा संरक्षण	५	५0000.00
१४	तिज गित प्रतियोगिता	५	५५000.00
१५	खेलकुद प्रतियोगिता	५	५0000.00
१६	वादविवाद र हाजिरी जवाफ	५	५0000.00
१७	यूवा तथा खेलकुद प्रतियोगिता	६	५0000.00
१८	जेष्ठनागरिक सम्मान	६	५0000.00
१९	वालवालिका रचनात्मक कार्यक्रम	६	५0000.00
	जम्मा		

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
४३.	**कार्यविधी :** पालीकाले संचालन गरेको योजनाहरु मर्मत संभार गरी दीगो व्यवस्थापन गर्न मर्मत कोष खडा गरेको छैन । कोषको कार्य संचालन कार्यविधि तयार गरेको देखिएन । कार्यविधि तयार गरी कोष परिचालन गर्नु आवश्यक छ । त्यस्तै विपद व्यवस्थापनको समेत कार्यविधि वनाएको छैन । आवश्यक पर्ने कार्यविधि वनाई कार्यान्वयनमा ल्याईनु पर्दछ ।		
४४.	**दोहोरो योजना :** गापा स्तरिय र वडा स्तरिय गरी योजना वाडँफाँड गरेकोमा एउटै प्रकृतिका योजना गापा र वडामा दोहोरो रुपमा वाँडफाँड गर्नु उपयूक्त देखिएन । गापास्तरिय र वडा स्तरिय भन्नु समग्र रुपमा नगरपालीका अर्न्तगतका योजना हुने हुदाँ दोहोरो रुपमा योजना तय गरी रकम वाँडफाँड गर्दा कार्यमा समस्या, रकमको वर्गिकरण तथा वितरणमा असर पर्ने देखिन्छ । गापा स्तरिय र वडा स्तरिय योजनामा दोहोरो परेका सरसफाई, विपद व्यवस्थपन, आकस्मिक , खेलकुद पुर्नस्थापना, पर्यटन प्रवर्द्धन , कला संस्कृति, शैक्षिक गुणस्तर आदि रहेका छन । वडा स्तरिय कार्यमा उपरोक्त योजनामा रकम वाँडफाँड र स्वीकृत भएतापनि गापास्तरिय योजनामा यस्ता कार्यक्रमको लागी वजेट छुट्याएको देखिँदा दोहोरो नपर्ने गरी योजना छनौटमा ध्यान दिन आवश्यक छ ।		
४५.	**कर व्यवस्था :** एकिकृत सम्पत्ति करको व्यवस्थापन हुन नसकेको, घर वहालको हकमा लगत तयार नगरेवाट वहाल करको असूली नयून रहेको , गापाक्षेत्र भित्र व्यापार , व्यवसाय सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारको आधारमा कर लगाउने व्यवस्था अनुरुप पेशा व्यवसायको लगत तयार नगरेको, जडीवुटी, कवाडी र जीवजन्तु करको आय ठेक्का व्यवस्थापन नगरेको, सवारी साधन कर व्यवस्थापन नभएको र आर्थिक वर्ष २०७४।७५ मा शुल्क नउठेको, पार्किङ्ग शुल्कवाट आय प्राप्त नगरेको अवस्था छ । आय प्राप्तीको दायरा वृद्धि गरी राजस्व संकलनमा लक्षित स्थिति पुरा गर्न आवश्यक देखिन्छ ।		
	स्वास्थ्य तर्फ (सशर्त)		
४६.	**पारीश्रमिक कर:** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कर योग्य आयमा पारीश्रमिक कर तिर्नुपर्ने व्यवस्था छ । यस गाँउपालीकाका मे.अधिकृत मदन ज्ञवालीको वार्षिक आम्दानी रु.५१६६०९।०० मा क.स.कोष तथा विमा वापत रु.८८५२४।०० कट्टी गर्दा हुन आउने रु.४२८०८५।०० मा पारीवारीक छुट रु.४०००००।०० पश्चात बाँकी कर योग्य आय रु.२८०८५।०० को १५ प्रतिशतले हुने रकम रु.४२१३.०० असुल गरि संघिय राजश्व खातामा	४२१३.००	

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा ।

आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	दाखिला गर्नुपर्ने रु.........		
४७.	**न्यानो झोला:** गाँउपालीकामा जिम्मेवारी सरी आएका ५० सेट र यो वर्ष खरिद गरी ल्याएका १३७ सेट समेत १८७ सेटमा ३ वटा वर्थिङ्ग सेन्टरमा ८६ वटा वितरण गरी बाँकी रहेका १०१ सेट रु.८९९।४८ का दरले रु.९०८४७।४८ मुल्य वरावरका न्यानो झोला आगामी आर्थिक वर्षमा जिम्मेवार सारी नियमपूर्वकव वितरण गर्नुपर्दछ ।		
	चालु तर्फः		
४८.	**जिन्सी निरिक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरिक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिक द्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०७४।७५ मा जिन्सी निरिक्षण गरेको देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।		
४९.	**प्रमुख प्रशासकिय अधिकृतको बढी दैनिक भ्रमण भत्ता भुक्तानी:** ३६,०७४।६।८ प्रमुख प्रशासकिय अधिकृत सुकदेव लम्साल मिति २०७४।५।१६ देखी २२ सम्म ७ दिन काठमाण्डौ काज जाँदा रु.१६२००।०० भुक्तानी लिंदा २ दिनको बढी भुक्तानी लिएकोले असुल गरि स्थानीय संचित कोष दाखिला गर्नुपर्ने रु................	३२००.००	
५०.	**कट्टी गरेको कर दाखिला बाँकी:** आय कर तथा मु.अ.कर ऐन बमोजिम कट्टी गरेको कर १५ दिन भित्र सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकाले प्रशासनिक चालुतर्फ विभिन्न वैठक तथा मिटिङ्ग, अन्य खर्च लगायतका विलमा कट्टी गरेको रु.६३२९७.०० कर दाखिला बाँकी देखिएकोले संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.............	६३२९७.००	
५१.	**कट्टी गरेर दाखिला गर्नुपर्ने कर:** १९५,०७५।३।२० दोश्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम वापत लेखनाथ पौडेललाई रु.३३१००।०० भुक्तानी गरेकोमा देहायबमोजिम पारिश्रमिक कर कट्टी नगरिएकोले सम्बन्धित बाट असुल गरि संघिय संचितकोष दाखिला गरको प्रमाण पेश गर्नुपर्ने रु.............	२०२५.००	

क्र.स	नामथर	वापत	बुझेको रकम	पारिश्रमिक कर
१	लेखनाथ पौडेल	सहजिकरण	२०००.००	३००.००
२	लेखनाथ पौडेल	रिर्पोट तयारी	७०००.००	१०५०.००
३	प्रमिला रेग्मी	मत/अभिमत फाराम भरेको	४५००.००	६७५.००
		जम्मा	१३५००.००	२०२५.००

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
५२.	**कट्टी गरेर दाखिला गर्नुपर्ने कर:** २२०,०७५।३।३२ कार्यालयले वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रबाट अनुदानमा प्राप्त सोलार विभिन्न विद्यालय, होमस्टे तथा सरकारी कार्यालयमा ढुवानी/लोड/अनलोड वापत ना.सु बलराम न्यौपाने मार्फत भुक्तानी भएको रु.१३४५००।०० मध्ये जीत बहादुर थापा गाडी नं ग १ ज ५८६४ लाई रु.४२०००।०० र ऋषिराम लामिछाने गाडी नं ५४३२ लाई रु.३६०००।०० ढुवानी भाडा भुक्तानी गर्दा नियमानुसार १० प्रतिशत बहाल		

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	कर कट्टी गरेर भुक्तानी गर्नुपर्नेमा सो नगरेकोले सम्बन्धित बाट असुल गरि संघिय संचितकोष दाखिला गर्नुपर्ने रु............	७८००.००	
५३.	**कर विजक वेगर भुक्तानी:** २२९,०७५।३।३१ आर्थिक नियमावली, २०६४ को नियम ३६(३) मा कुनै पनि खर्च भुक्तानी गर्दा सोको विल भर्पाइ तथा प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था भएतापनि गाँउपालीकाको ६ वडाको ६ स्वास्थ्य केन्द्र र ९ वटा सामुदायिक विद्यालयमा सोलार जडान गर्नको लागि वैकल्पिक उर्जा केन्द्रको अनुदानमा प्राप्त प्रति ईकाई रु.४,५७,५८४।०० (मु.अ.कर समेत) ले रु.६८,६३,७६०।०० मुल्य बराबरका १५ थान सोलार सेट जडानको लागि कार्यालयले Topsun Energy Pvt.Ltd, काठमाण्डौ सँग उक्त जडान तथा ढुवानी शुल्क पालिकाले तिर्ने गरि रु.५०००००.०० (मु.अ.कर समेत) सम्झौता भएकोमा उक्त जडान कार्यको कार्यसम्पन्न प्रतिवेदन तथा जडान र ढुवानी वापत पालीकाले रु.५ लाख सम्झौता अनुरुप भुक्तानी गरेकोमा सोको कर विजक संलग्न गरेको पाईएन । साथै कर विजकमा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम लाग्ने १.५ प्रतिशत कर रु.६६३७०० असुल गर्नुपर्ने र कर विजक समेत पेश गर्नुपर्ने रु...............	५०००००.००	
५४.	**भर्पाइ नगरी भत्ता भुक्तानी:** २२२,०७५।३।३२ आर्थिक नियमावली, २०६४ को नियम ३६(३) मा कुनै पनि खर्च भुक्तानी गर्दा सोको विल भर्पाइ तथा प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था भएतापनि टोल विकास संस्थाका पदाधिकारीका लागि स्थानीय स्तरमा योजना छनौट तथा बजेट सम्बन्धि तालिम (२०७५ जेठ १५ देखी १६) मा ना.सु बलराम न्यौपाने मार्फत शोधभर्ना तथा भुक्तानी भएको देहायबमोजिमको भत्ता वितरणमा कुनै भर्पाइ पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरि स्थानीय संचित कोष दाखिला गर्नुपर्ने रु.............	३८६७५.००	

सि.नं	विवरण	रकम (पारिश्रमिक कर कट्टी पश्चात
१	संयोजक भत्ता	३४६८०.००
२	सहयोगि भत्ता	१७००.००
३	सहयोगि भत्ता	१०२०.००
५	प्रतिवेदक भत्ता	१२७५.००
	जम्मा	३८६७५.००

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
५५.	**गत आ.व.को भुक्तानी:** कार्यालयले म.ले.प.फा.नं १८ प्रमाणित नगरि देहायबमोजिमको वडा तर्फ तथा गाँउपालीका तर्फको गत आ.व.२०७३।०७४ को वैठक भत्ता भुक्तानी गरेको पाइयो । यसरी म.ले.प.फा.नं १८ प्रमाणित नगरि गत आ.वको भुक्तानी गरेको निमय संम्मत नदेखिएको रु.........................	२५२०००.००	

सि.नं	गो.भौ.नं, मिति	विवरण	वैठक मिति	रकम
१	३९,०७४/६/८	गाँउसभा भत्ता	०७४/३/२६	५२५००.००
२		गाँउकार्यपालीका वैठक	०७४/२/१६	२२५००.००

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	(तालिका तल)		

३		भत्ता	०७४/३/१८	२२५००.००
५			०७४/३/२५	२२५००.००
६	४१,०७४/६/९	वडा नं २ को वैठक भत्ता	०७४/२/२३	६०००.००
७			०७४/३/२	६०००.००
८			०७४/३/२२	६०००.००
९	५८,०७४/७/१३	वडा नं ५ को वैठक भत्ता	०७४/३/३०, ३/२२, ३/२०, ३/८, २/२४, २/९	३६०००.००
१०	६१,०७४/७/८	वडा नं १ को वैठक भत्ता	०७४/३/२६, ३/२२, ३/२०, २/२७, २/२३, २/२८	३६०००.००
११	६४,०७४/७/२१	वडा नं ६ को वैठक भत्ता	०७४/३/५, २/२६, ३/२२, ३/२१	२४०००.००
१२	७६, ०७४/८/२१	वडा नं ३ को वैठक भत्ता	०७४/३/६, ३/१०, ३/२३	१८०००.००
			जम्मा	२५२०००.००

५६. १४४(क),०७४।११।२९ ना.सु वलराम न्यौपानेले विभिन्न वैठक भत्ता भुक्तानी वापत रु.२५०५००।०० निकासा लगेकोमा देहायको व्याक्तिहरुले भत्ता नबुझेको पाइएकोले उक्त रकम असुल गरि स्थानीय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु...................... — रकम: ३८२५.००

क.स	नामथर	वापत	रकम पारिश्रमिक कर कट्टी पश्चात
१	तारादेवी ढकाल	वातावरण तथा विपद् व्यवस्थापन वैठक (२०७४।११।१२)	१२७५.००
२	विष्णु दर्जि	संस्थागत विकास तथा सेवा प्रवाह (२०७४।११।१२)	१२७५.००
३	नरेन्द्र लामिछाने		१२७५.००
		जम्मा	३८२५.००

५७. **नियम विपरितको वैठक भत्ता:** गण्डकी प्रदेशको राजपत्रमा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धि ऐन, २०७४ को अनुसुचि २ मा पदाधिकारीले कुनैपनि प्रकारको कार्यपालीका तथा सभाको वैठक भत्ता तथा सुविधा लिन नपाउने व्यवस्था छ । पदाधिकारीले कार्यपालीका तथा सभाबाट पारित गरि २०७५ वैशाख २४ अगाडी पनि विभिन्न मितिमा वैठक भत्ता लिएको अवस्था छ । तर कार्यालयले ऐन पारित भएको — रकम: २८४०००.००

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	मिति २०७५ वैशाख २४ गते पश्चात तपशिल बमोजिम वैठक भत्ता भुक्तानी गरेकोले नियम संम्मत नदेखिएको रु…………		

सि.नं	गो.भौ,मिति	विवरण	कुल खर्च
१	१९३,०७५/३/३२	कार्यपालीका वैठक ४ वटा	१२००००.००
२		वडा को वैठक भत्ता	१६४०००.००
			२८४०००.००

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
५८.	२१२,०७५।३।२५ कमेरेपानी कुवा निर्माण तथा पहिरो नियन्त्रण योजना वडा नं ३ मा रु.२५८३८१।०० मा लागत इष्टिमेट तयार गरि पालीकाले रु.२२६४१७।२१ र उपभोक्ता समितिले रु.३८७५७।०० व्यहोंने गरि सम्झौता भएकोमा प्राविधिकको कार्यसम्पन्न प्रतिवेदनमा रु.२५९३३५।०२ मा कार्य सम्पन्न भएको देखिन्छ । सम्झौता बमोजिम पालीकाले रु. २२६४१७।०० खर्च भुक्तानी गरेको देखिन्छ । उक्त योजनाको सम्झौता तथा प्राविधिक इष्टिमेटमा ग्याविन जाली लगाएर पहिरो नियन्त्रण गर्ने उल्लेख भएको र उपभोक्ता समितिले संलग्न गरेको फोटोमा समेत ग्याविन जाली लगाएको देखिन्छ । उक्त योजनामा उपभोक्ता समितिले रु.२१९६४०।०० को डोर हाजिर र वि.एण्ड.वि कन्स्ट्रक्सन कास्कीको २० घण्टा डोजर चलेको रु.४५२००।०० मात्र विल भर्पाइ पेश गरेको पाइयो तर कुनै पनि ग्याविन जाली किनेको विल संलग्न रहेको नदेखिएकोले उक्त योजनाको रकम नियम सम्मत नदेखिएको रु……….	२५९३३५.०२	
	वडा नं १ पुँजीगत तर्फ:		
५९.	५३,०७५।१।१२ जनहित माध्यामिक विद्यालयको कार्यालय व्यवस्थापनको लागि गोलो टेवल १ थान निर्माण तथा १० थान कुर्सी, पि.भि.सि.कार्पेट ४२.५० मी, पिई फोम १ रोल समेत खरिद गरि गाँउपालीका बाट रु.१०००००।०० उपलब्ध गराइएकोमा उक्त खरिद गरेका सामानहरु विद्यालयको जिन्सी खातामा आम्दानी बाँधेको पाइएन । अत: सामानहरु जिन्सी दाखिला गरको प्रमाण पेश गर्नुपर्ने रु……………	१०००००.००	
६०.	**भवन निर्माण:** गाँउफर्क नि.मा.वि. २ कोठे भवन निर्माणको लागि गाँउपालीकाबाट रु.२०००००।०० बजेट विनियोजन भएको पाइयो । उक्त भवन निर्माणको लागि रु.२३३४४५।७७ को ल.ई. तयार गरी विद्यालय भवन निर्माण समिति सँग मिति २०७४।१०।२८ मा सम्झौता भएको र सम्झौता अनुसार मिति २०७४।११।२० सम्ममा सम्पन्न गर्नु पर्ने उल्लेख छ । इष्टिमेट तथा सम्झौता अनुसार पुरानो ढलान भत्काउने, भुई तथा भित्तामा पलाष्टर गर्ने, पनीङ्ग गर्ने, इमल्सन पेन्ट लगाउने र छाना छाउने कार्य रहेकोमा उक्त कार्य मध्ये पुरानो ढलान भत्काउने भुईमा पलाष्टर तथा पनीङ्ग गर्ने र छाना छाउने कार्य गरी प्राविधिक मुल्यांकन विल अनुसार रु.८६६१८।०० भुक्तानी भएको छ भने अन्य बाँकी कामहरु गरेको पाइएन । बजेटको व्यवस्था हुँदा हुँदै सम्झौता समेत गरेको अवस्थामा भवन निर्माणको कार्य अधुरै रहेको पाइयो । भवन निर्माणको जिम्मा लिने, सम्झौता गर्ने र बजेटको व्यवस्था हुँदा हुँदै निर्माण कार्य सम्पन्न नगर्ने भवन निर्माण समितिलाई जिम्मेवारी बनाइनु पर्दछ र विद्यालय व्यवस्थापन समिति तथा सरोकार वाला पक्षले समयमै यस्ता कार्यमा ध्यान पुऱ्याइनु पर्दछ ।		

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
६१.	**कर समायोजन पेश गर्ने:** मु.अ.कर ऐन, २०५३ को दफा १४ मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए वमोजिमको आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नं. उल्लेख गरि अनुसुचि वमोजिमको रितपुर्वकको सिलसिलेवार नंम्वर सहितको कर विजक जारि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष भुक्तानी दिएका तपशिल वमोजिमको व्यवसायीको विजक नं उल्लेख नभएकोमा समेत भुक्तानी गरेको देखियो । यस्तो विजक नं. वाट गरेको भुक्तानीको मु.अ.कर र आम्दानी आय विवरणमा समावेश नहुने हुँदा त्यस्ता विजक वाट भुक्तानी लिएको रकम आय विवरणमा समावेश गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा मु.अ.कर रकम रु.. ५७५५.०० असुल हुनुपर्दछ ।	५७५५.००	

भौ.नं. मिति	व्यवसायी	विजक नं. र मिति	मु.अ. कर समेत भुक्तानी रकम	मु.अ.कर रकम	कैफियत
५३,०७५।१।१२	रञ्जना ट्रेडस (३०१५१९९१७)	उल्लेख नभएको / २०७५।११।२८	५००२५.००	५७५५.००	विजक नं उल्लेख नभएका

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	वडा नं २ तर्फ:		
६२.	**म.स्वा.से.हरुको भत्ता:** वडा नं २ ले वडा भित्रका ९ जना म.स्वा.से हरुलाई वार्षिक रु.५३८८।८८ का दरले आ.व ०७४।७५ मा रु.४८४९९।९२ खर्च लेखेको पाइयो । यस्तो खर्चमा नियन्त्रण गरिनु पर्दछ ।		
६३.	**पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६ मा कुनै पनि मालसामान खरिद गर्न तथा कुनै कार्य गर्न लिएको पेश्की मालसामान खरिद गरेको ७ दिनभित्र फछ्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । वडा नं २ मा नौले भ्युटावर निर्माणको लागि उपभोक्ता समितिका अध्यक्ष श्री छविलाल पाध्यलाई रु.१६०००।०० पेश्की दिएकोको मा लेखापरीक्षण समयसम्म पनि फछ्यौट नभई बाँकी रहेकोले उक्त पेश्की रकम नियमानुसार फछ्यौट गर्नुपर्ने रु................	१६०००.००	
	पुँजीगत वडा नं ५:		
६४.	१२,०७४।९।१८ खौरेटा खानेपानी मर्मत उपभोक्ता समितिलाई गएको पेश्की रु.१६५००।०० आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्यौट भएको नदेखिएकोले योजना सम्पन्न गरी पेश्की फछ्यौट गर्नुपर्ने रु...........	१६५००.००	
६५.	२०,०७४।९।२३ सेती दोभान भित्रि बाटो स्तरोन्नती कार्य वडा कार्यालयको अनुदान रु.२०००००।०० र उपभोक्ताको योगदान रु.२७२३१।९७ मा सम्पन्न भएको देखियो । उक्त निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदनमा फर्माको लागि लोकल काठ रु.८७३५।०० स्टोन सोलिङमा रु.३८०८०।००, पि.सि.सि. १:२:४ ले रु.१,६४,५१४।०० खर्च भएको देखिन्छ । तर उपभोक्ताले पेश गरेको विल भर्पाइ, आदीमा काठ, ढुङ्गा, गिटी, वालुवा खरिद गरेको र ढुवानी समेत गरेको देखिएन । उपभोक्ताले सिमेन्ट खरिद विल र डोर हाजिरी मात्र पेश गरेको हुँदा बाटोको स्तरोन्नतीको गुणस्तर सम्बन्धमा एकिन हुन सकिएन ।		
	गाँउपालीका पूँजिगत योजना तर्फ		

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा ।

आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
६६.	**माष्टर प्लान र डि.पि.आर.**: आँधीखोला गाँउपालीकाको गुरुयोजना तयारी र Detail Project Report को लागि सुचना बमोजिम दर्ता भएका ३ परामर्श दाता मध्ये प्राविधिक तथा वित्तिय प्रस्तावमा छनौट भएको नियात्रा कन्सल्ट प्रा.लि विच सम्झौता भई सम्झौताको शर्त वमोजिम अभिवृद्धि कर समेत रु.१४,८७,४१९।०० परामर्शदातालाई भुक्तानी गरेको छ । गाँउपालीकाको स्वामित्वमा रहेको जग्गामा जनरल वर्क पाकिङ्ग , फुट ट्रेल, वाउण्ड्री वाल, रोड वर्क, डिसमेन्टलिङ्ग कार्य, व्याडमिन्टन कोर्ट, पालीकाको मुख्य व्लक, सपिङ्ग कम्प्लेक्स, गाँउसभा व्लक, क्यान्टिन व्लक, क्वार्टर व्लक, साईड डेभलपमेन्ट गार्डेन, गार्ड हाउस, सेक्युरिटि पोष्ट लगायत विविध कार्यको डिजाइन, इष्टिमेट तथा स्पेशिफिकेशन बमोजिम परामर्श दाताबाट कन्टिन्जेन्सी लागत मुल्य समायोजन र मुल्य अभिवृद्धि कर समेत रु.२८ करोड ९३ लाख २१ हजारको लागत हुने Detail Project Report पेश भएको देखिन्छ । माष्टर प्लान तथा डि.पि.आर.बमोजिम गाँउपालीकाको संरचना तयारीमा निर्माण तथा खरिद प्रक्रियालाई कार्यान्वयन लाई अगाडी बढाइनु पर्दछ ।		
६७.	भौचर नं.११७ २०७४।१२।२५ लागत सहभागीतामा मौरीपालन कार्यक्रम अर्न्तगत ५० प्रतिशत गाउँपालीका र ५० प्रतिशत उपभोक्ताको सहभागीतामा दुई पटकमा गरी प्रति घार रु ८००० का दरले ५० ओटा मौरीका घार रु ४०००००।०० मा खरीद गरेको देखिन्छ । खरीद ५० घार मध्ये जम्मा ४२ घार उपभोक्तालाई वितरण गरको भरपाई पेश भए वाट जिन्सी खातामा घारको मौज्दात शून्य रहेको पाईएकोले उक्त ८ ओटा घारको वितरणको भरपाई पेश गर्नुपर्ने अन्यथा अशुल गर्नुपर्ने रु	६४०००।००	
६८.	वडा नं. ६ अर्न्तगत सम्दीखोला मोटरवाटो निर्माणको लागी कुल लागत अनुमान रु १७७८०३।०० मध्ये गाउँपालीकाले स्विकृत गरेको अनुदान कन्टिन्जेन्सी रु ४५००।०० कट्टी गरी रु १४५५००।०० सम्वन्धित योजनाको उ.स. लाई सम्पन्न विलका अधारमा भूक्तानी गर्नुपर्नेमा रु १६०४८१।०० अनुदान खर्च भुक्तानी भएवाट योजना छुट्याएको भन्दा उपभोक्ता समितिलाई वढि भूक्तानी भएको रु १४९८१। असुल गरी दाखीला गर्नुपर्ने रु	१४९८१।००	
६९.	सार्वजनिक निकायले खरीद गरको जिन्सी सामान दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले वि.पि स्मृति प्राथमीक विद्यालय लाई फर्निचर खरीदको लागी रु ५००००।०० अनुदान दिएकोमा सिटिजन फर्निचर ट्रेड लिंक प्रा.ली वाट खरीद गरेको रु ३८२५१।०० काविभिन्न फर्निचरजन्य जिन्सी सामानहरुको दाखिला नभएकोले सम्वन्धित विधालयले दाखीला गरको प्रमाण पेश गर्नुपर्ने रु	३८२५१।००	
७०.	**कार्य सम्पन्न प्रतिवेदन** : निर्माण कार्य सम्पन्न भएपछि सो कार्यको कार्य सम्पन्न प्रतिवेदनमा उपभोक्ता समितिको अध्यक्ष, प्राविधिक कर्मचारी र प्रमुख प्रशासकीय अधिकृत समेतले प्रमाणित गर्नुपर्नेमा कार्य सम्पन्न प्रतिवेदन तयार नगरि निम्न मिति तथा भौचरवाट भुक्तानी दिइएको छ ।		

सि.नं.	भौ.नं. र मिति	योजना	कार्यसम्पन्न रकम
१	१६-०७४/६/२६	सडक मर्मत	१३९९९.००
२	१७-०७४/६/२६	मोटरवाटो सरसफाई	५९४००.००

<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>३</td><td>१८,१८ क -०७४/६/२६</td><td>सडक मर्मत</td><td>११३९९९.१०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३१३३९८.१०</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>७१.</td><td>रितपुर्वको विजक पेश नभएको :मु.अ.कर ऐन, २०५३ को दफा १४ मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए वमोजिमको आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नं. उल्लेख गरि अनुसुचि वमोजिमको रितपुर्वकको सिलसिलेवार नंम्वर सहितको कर विजक जारि गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष भुक्तानी दिएका निम्न निर्माण व्यवसायी हरुले कलर फोटो प्रिन्ट विजक नं., हातले लेखेको विजक नं. पेश गरेको अवस्थामा समेत भुक्तानी गरेको देखियो । कम्प्युटर प्रिन्ट विजक नं. र हातले लेखेको विजक नं. वाट सिलसिलेवार नहुने गरेको अवस्थामा भुक्तानी लिएको मु.अ.कर र आम्दानी आय विवरणमा समावेश नहुने हुँदा त्यस्ता विजक वाट भुक्तानी लिएको रकम आय विवरणमा समावेश गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा मु.अ.कर रकम रु. असुल हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>उपभोक्ता समिति</th><th>निर्माण व्यवसायी</th><th>विजक नं.</th><th>मु.अ. कर समेत भुक्तानी रकम</th><th>मु.अ.कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>१६९-०७५/१/२३</td><td>शिवालय मन्दिर संरक्षण सम्वद्धन योजना</td><td>C.G. Hardware & Suppliers (301904343) kaski</td><td>SI /140601</td><td>११६८५०.००</td><td>१३४४३.००</td><td>कम्प्यूटर प्रिन्ट विल</td></tr>
<tr><td>१७०-०७५/१/२३</td><td>पारीघर नयाटोल खा.पा. निर्माण</td><td>Mayur Faucets pvt.ltd. (302239724), pokhara</td><td>१११९-०७४/१०/२५</td><td>२९५७८.४३</td><td>३४०२.८३</td><td>विजक नं. सच्याएको</td></tr>
<tr><td>२-०७४/१०/१५</td><td>वडा नं. ४ वाडसिङ देउराली श्रवणकुमार मञ्चधाम चक्रपथ मो.वा.</td><td>शितलादेवी निर्माण सेवा (३००७०२१२५)</td><td>६-०७४/८/१६</td><td>६१०२०.००</td><td>७०२०.००</td><td>विजक सच्याएको</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>७२.</td><td>भ्याट non filler : भौ.नं.१६८ मिति २०७५।०१।२३, निम्न सप्लायर्स तथा सेवा प्रदायक संस्थाहरुले पेश गरको भ्याट विल IRD portal मा PAN No. search गर्दा उक्त सप्लायर्स तथा सेवा प्रदायक संस्थाहरु non filler देखिदाँ non filler भिष्म कन्सट्रकसल स्याङ्जाई भूक्तानी गरेको रु.४०३८२४।०० को मू.अ.कर रु.४६४५७७४ को मू.अ.कर समायोजन पत्र पेश गर्न लगाई भूक्तानी गरेको कर रकम नियमित गर्नुपर्ने रु.</td><td>४६४५७/७४</td><td></td></tr>
<tr><td>७३.</td><td>पदार्थ खपत र ज्याला अनुपात : वस्तुको सिर्जना गर्न होस वा पूँजिगत सम्पत्तिको सिर्जना गर्न होस निर्माणमा समान्यतः लेखा सिद्धान्त वमोजिम ज्याला र खपत पदार्थको अनूपात २५:७५ हुने सिद्धान्त छ । ज्यालाको अंशवढी</td><td></td><td></td></tr>
</table>

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	गरी योजना वढी देखाउने र पदार्थ खरिदमा कर विजक लिई मूल्य अभिवृद्धिकर संकलनमा घटी ल्याउने अवस्था समेत सिर्जना भएको छ । खरिद भएको मेटेरियलवाट निर्माण भएको पूँजिगत संरचनाको मापन र प्रयोग उपभोक्ताले पेश गरेको विल भरपाईमा नदेखिएको र न्यून खरिद विलवाट मूल्यांकन गरिएको संरचना वन्न सक्ने अवस्था नरहेकोले पदार्थ खपत र ज्याला एक आपसमा भिडेको देखिएन । यस सम्वन्धि उदाहरण निम्न छन । यस्तो प्रकृया तत्काल नियन्त्रण हुनुपर्दछ ।		

भौ.नं. र मिति	योजना	मूल्यांकन	विल भरपाई	डोर हाजिर	डोर हाजिरमा खर्च प्रतिशत
११४,०७४/१२/१८	समुह भवन निर्माण, रिमालस्वारा	३५५६९२.००	२२६६८३.००	१५२८७०.००	४३.००
११५,०७४/१२/१८	काभ्रे पोखरी माझा पोखरी खा.पा	५७०२१९.००	२१०३४५.००	४२८८००.००	७५.००
१३४, ०७४/१२/२७	महिला सामुदायिक भवन पाखीबोट	२८७९०८.००	९६४६९.००	३०३३१९.००	१०५.००
१३९, ०७४/१२/२९	पंचमुल खनिजदुलो पर्यटन मार्ग	४५७६३१.००	०.००	४९१२६०.००	१०७.००

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
७४.	**भाडा कर:** भौ नं १८९,०७५।१।२५ आयकर ऐन, २०५८ अनुसार मुल्य अभिवृद्धि कर विजक जारी नगरेको ढुवानी कर्तालाई ढुवानी भाडा रकम भुक्तानी दिँदा १५ प्रतिशत अग्रिम कर कट्टी गरेर भुक्तानी दिनु पर्नेमा ग १ त ४३०३ का सवारी धनी लिलाधर ढकाललाई रु.६१८७५।०० भुक्तानी दिँदा कर कट्टी नगरेकोले १५ प्रतिशतले हुने रु.४१२५।०० असुल गरि संघिय राजश्व खातामा दाखिला गर्नुपर्ने रु...........	४१२५.००	
७५.	भौ. नं १११,०७४।१२।१३ वडा नं ३ अर्न्तगत पटेकटेरी-धाङ्गधुङ्ग आठघरे सडक निर्माणको लागि गाँउपालीका बाट रु.१६५०००।०० भुक्तानी भएकोमा निम्नानुसार भएको पाइयो ।		
७५.१	उपभोक्तालाई रु.१६५०००।०० भुक्तानी भएकोमा चिनो निर्माण सेवाको विजक नं उल्लेख नभएको मिति २०७४।११।१० को रु.९८३१०।०० र उपभोक्ताको डोर हाजिर फाराम ३३६१०।०० को गरि जम्मा रु.१३१९२०।०० मात्र भएकोले नपुग रु.३३०८०।०० असुल गरि दाखिला गर्नुपर्ने देखिएको रु...............	३३०८०.००	
७५.२	चिनो निर्माण सेवा (३०५५२३७६३) लाई ०७४/११/१० विजक नं नखुलेको विलबाट मुल्य रु.८७०००.०० मु.अ.कर ११३१०.०० गरि जम्मा रु.९८३१०.०० भुक्तानी दिएकोमा विजक नं नखुलेकोले मु.अ.कर दाखिला भयो भन्न नसकिएकोले मुल्य अभिवृद्धि कर ऐन, २०५३ अनुसार मुल्य अभिवृद्धि कर असुल गरि दाखिला गर्नुपर्ने रु.....	११३१०.००	
	LGCDP चालु तथा पुँजी: यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् ।		
७६.	कर दाखिला: सामाजिक परिचालकको निर्वाह भत्ता, आई.टि अफिसरको पारीश्रमिक, सुचना प्रविधिका सामानहरु खरिद वापत श्रोतमा कट्टी गरेको कर रु.१११९२.०० दाखिला भएको देखिएन । उक्त रकम संघिय राजश्व खातामा दाखिला गरेको भौचर पेश गर्नुपर्ने रु.........	१११९२.००	
७७.	फाईवर लिङ्क कम्युनिकेसन प्रा.लि वालिङ्ग विच ०७५/१/२ मा गाँउपालीका कार्यालय र पालीका अर्न्तगतका ६ वटै वडामा इन्टरनेट सेवाको पँहुच पुऱ्याउन रु.४४२३५०।०० मा सेवा प्रदायक सँग सम्झौता भएकोमा कार्यालय, वडा नं १, ५ र ६ मा सेवाको पहुँच पुऱ्याएवापत मु.अ.कर समेत रु.२५८७७०।०० भुक्तानी गरेको देखिन्छ । वडाले		

कार्यालय:– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा । आर्थिक वर्ष:–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्यौटको विवरण
	इन्टरनेटको सहायता बाट पालीकामा पेश गर्ने Reporting Onlining गरेको पाइएन ।		
७८.	**संघिय संरचना पुर्वाधार विकास कार्यक्रम:** यो वर्ष गाँउपालीकाले संघिय संरचना अर्न्तगत गठन भएका पालीका तथा वडाहरुमा भौतिक पुर्वाधार, कृषि, पशु विकास तर्फ निम्न कार्य गरेको देखिन्छ । कार्यक्रम अर्न्तगत रु.३८२८६७०।०० खर्च भएकोमा निम्न व्यहोरा देखिन आएका छन् ।		
७८.१	मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम मु.अ.करमा दर्ता भएको फर्मलाई मात्र भ्याट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । वडा नं ५ मा सोलार व्याकअप तथा जडान कार्यको लागि वृहत वातावरणीय सुन्दर नेपाल प्रा.लि (६०४२८६८०२) लाई मुल्य अभिवृद्धि कर समेत रु.३७९९९९।०० भुक्तानी गरेकोमा उक्त फर्म आई.आर.डिको प्यान सर्च पोर्टलमा दर्ता भएको देखिएन । दर्ता नभएको फर्मलाई कर लाग्ने मुल्य रु.३५४५७४।०० मा १३ प्रतिशतले हुने कर रु.२५४२५।०० भुक्तानी भएको र दर्ता नभएको फर्मले कर विजक जारी गरि भुक्तानी लिएको देखिदा मुल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम शुल्क तथा जरिवाना समेत निर्धारण गरि असुल गर्नुपर्ने रु......	२५४२५.००	
७८.२	वडा नं ४ मा सोलार जडान तथा व्याकअपको लागि कार्यमा सम्झौता अनुसार महागौरी कन्स्ट्रक्सन प्रा.लि लाई मूल्य अभिवृद्धि कर समेत रु.३८५०००।०० भुक्तानी भएको देखिन्छ । खरिद भएको पार्टी महागौरी कन्स्ट्रक्सनले विविध प्रकारको ठेक्का पट्टा मात्र गर्ने तर Trading लगायत सोलार प्यानेल जडान तथा वस्तु विक्रि गर्ने कार्य फर्मको दर्ता प्रमाणपत्रमा देखिएन । ठेक्का पट्टा बाहेकको कार्यमा सोलार विक्रिको कारोवार कन्स्ट्रक्सन कम्पनीले गर्न नसक्ने देखिँदा कम्पनीलाई रु.२६०००।०० मुल्य अभिवृद्धि कर समायोजन तथा विक्रि गर्ने कार्य थप भएको प्रमाण पेश गर्ने अन्यथा मुल्य अभिवृद्धि कर रकम असुल गर्नुपर्ने रु............	२६०००.००	
७८.३	वडा नं ३ मा सोलार व्याक अप जडानको लागि सम्झौता बमोजिम सम्वृद्ध नेपाल इनर्जि प्रा.लि (६०२४५६८३२) विराटनगर लाई रु.३८८०००।०० भुक्तानी भएको छ । उक्त फर्म २०७५ श्रावण देखी मुल्य अभिवृद्धि कर नन्फाइलरको अवस्थामा देखिन्छ । फर्मवाट जारी भएको विजक केरमेट भई नम्बर सच्याएको र नन्फाइलर समेत देखिँदा भुक्तानी गरेको मुल्य अभिवृद्धि कर रु.२६३४५.०० को समायोजन प्रमाण पेश गर्नुपर्ने रु......	२६३४५.००	
७८.४	वडा नं २ मा सोलर व्याक अप जडानको लागि सम्झौता बमोजिम वराह गोवर ग्याँस तथा नविकरण उर्जा प्रा.लि (६०१३३७२३५) लाई रु.३८७९४०।०० भुक्तानी गरेको छ । उक्त फर्म २०७५ श्रावण देखी नन्फाइलरको अवस्थामा देखिन्छ । करदाताले पेश गरेको कर विजक केरमेट गरेको देखिँदा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु......	१५२०३.००	
७९.	**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :		
८०.	**अद्यावधिक वेरुजू स्थिति :** गाँउपालीकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय		

गत वर्षको वेरुजू रकम (रु) (A)	यो वर्ष फछ्यौट (B)	वाँकी (C=A-B)
६२९००००/-	२४३४४७.००	६०४६५५३.००

कार्यालयः– आँधीखोला गाउँपालीकाको कार्यालय, स्याङ्जा ।

आर्थिक वर्षः–२०७४।७५

सि.नं.	विवरण	रकम	फछ्र्यौटको विवरण
	अनुसार रहेको छ :		
८१.	सम्परिक्षण :		

गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु)(C)	यो वर्षको सं.पं बाट कायम वेरुजू रु.(D)	यो वर्षको कायम वेरुजू (रु)(E)	बाँकी (F=C+D+E)
६०४६५५३.००	०.००	५०१६४६७.७४	११०६३०२०.७४

सि.नं.	वडा नं.	दफा	आ.व.	फछ्र्यौट रकम	व्यहोरा
१	५	१४	२०७३/७४	१८००.००	असुल वैंक
२	५	१६	२०७३/७४	४५०.००	असुल वैंक
३	५	१७	२०७३/७४	१९९५.००	असुल वैंक
४	५	३२	२०७३/७४	२०००.००	असुल वैंक
५	५	३३	२०७३/७४	९१५.००	असुल वैंक
६	५	३१	२०७३/७४	१५००.००	असुल वैंक
७	२	४१	२०७३/७४	४५००.००	प्रमाण पेश
८	६	४९	२०७३/७४	१००००.००	प्रमाण पेश
९	६	५१	२०७३/७४	१५७८७.००	प्रमाण पेश
१०	६	५२	२०७३/७४	१९२०००.००	प्रमाण पेश
११	६	५२	२०७३/७४	१२५००.००	प्रमाण पेश
				२४३४४७.००	